# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले २०७३ जेठ १ गते रुपन्देहीको बुटवलमा केन्द्रीय कार्यालय रहेको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडको समुद्घाटन गर्नुभयो ।



उक्त कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले देशको ग्रामीण विकास र गरिब जनतालाई सेवा पुऱ्याउने लक्ष्यको साथ खोलिएको यस संस्थाले न्यून आय भएका जनताको आर्थिक अवस्थामा सुधार ल्याउन योगदान पुग्ने विश्वास व्यक्त गर्नु भयो । वित्तीय पहुँच नपुगेको ग्रामीण क्षेत्रहरुमा आर्थिक क्रियाकलाप बढाई ग्रामीण क्षेत्रमा रोजगारीको सिर्जना गर्न उनीहरुको आयस्तर बढाउन तथा आत्मनिर्भर बनाई देशलाई समृद्धिको दिशामा अगाडी बढाउन लघुवित्त वित्तीय संस्थाहरुको भुमिका महत्वपूर्ण रहेको बताउनु भयो । देशको कर्मठ युवाशक्ति रोजगारीको खोजीमा विदेश पलायन भइरहेको उल्लेख गर्नु हुँदै गभर्नर डा. नेपालले देशको युवा जनशक्तिलाई लक्षित गरी कार्य गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई आग्रह गर्नु भयो ।

न्यून आय भएका विपन्न परिवारका लागि लघुवित्त सेवा मार्फत गरिबी निवारणमा योगदान पुऱ्याउन निजी क्षेत्रबाट देखाइएका तत्परतालाई केन्द्रीय बैंकले उदारतापूर्वक लिइएको बताउनु भयो । लघुवित्त सम्बन्धी कार्य गर्ने संस्थाले दिने सेवा भनेको अन्य बैंक तथा वित्तीय संस्थाले दिने सेवा भन्दा फरक हुने भएकोले यस्तो संस्था खोल्ने सञ्चालकहरुले छिटो प्रतिफल प्राप्त गर्ने अपेक्षा गर्न नहुने, सञ्चालकहरुमा Corporate Culture को राम्रो ज्ञान हुनु पर्ने र संस्थागत सुशासनमा ध्यान दिनुपर्ने कुरा औंल्याउनु भयो ।

त्यसैगरी लघुवित्त संस्थाहरुले प्रवाह गर्ने कर्जाको ब्याजदर उच्च रहेको भन्ने गुनासो आउने गरेको कुरा बताउनु हुदै गभर्नर डा. नेपालले लघुवित्त वित्तीय संस्थाहरुलाई Spread Rate लाई ध्यान दिएर कारोवार गर्न आग्रह गर्नु भयो । साथै, इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले ऋणीहरुको हित तथा संस्थागत विकासमा खर्च गर्ने गरी ग्राहक संरक्षण कोष (Client Protection Fund) खडा गर्ने सम्बन्धी नीतिगत व्यवस्था गरिएको बताउनु हुदै गभर्नर डा. नेपालले यस कोषबाट ऋणी र संस्था दुवैलाई फाईदा हुने कुरा बताउनु भयो । अन्त्यमा उहाँले संस्था सञ्चालनको सफलताको कामना समेत गर्नु भयो ।

२०७३ जेठ १, शनिबार

गभर्नरको कार्यालय